**“The First Time Implementation Guidelines of the NSA for LCE” प्रकाशन गरिएको जानकारी बारे ।**
**(मिति : २०८२/०८/२४)**

नेपाल लेखापरीक्षणमान बोर्डले International Auditing and Assurance Standards Board (IAASB) बाट जारी भएको “The International Standards on Auditing for Audits of Financial Statements of Less Complex Entities (the ISA for LCE)” को आधारमा "The Nepal Standards on Auditing for Audits of Financial Statements of Less Complex Entities (the NSA for LCE)" तयार गरी लागु गर्न गराउन नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा सिफरिस गरे बमोजिम मिति २०८१ कार्तिक ८ गते बसेको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको ३३६ औं परिषद् बैठकले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३ को दफा ११(ड) वमोजिम उक्त मान मिति २०८३ श्रावण १ गते देखिको वित्तीय विवरणको लेखापरीक्षणमा लागू गर्ने र सो मिति अघिका आय वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा उक्त मान स्वेच्छिक रुपमा लागू गर्न सकिने निर्णय गरेको व्यहोरा अवगतनै छ ।

NSA for LCE लागु हुने निकायहरुको सम्भावित उल्लेख्य हिस्सा तथा सरोकारवाला र नियमनकारी निकायहरुबाट प्राप्त सुझावहरुलाई ध्यानमा राख्दै मानको व्यापक पहुँच सुनिश्चित गर्ने लगायत मान लागू गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ यस लेखापरीक्षणमान बोर्डले NSA for LCE सँग सम्बन्धित **The First Time Implementation Guidelines** तयार गरी प्रकाशन गरेको व्यहोरा जानकारी गराउँदछौं ।
पुस्तकको विद्युतिय प्रति लेखापरीक्षणमान बोर्डको वेबसाइट (https://www.ausb.gov.np/page/F_T_Guide) मार्फत प्राप्त गर्न सकिनेछ ।

उपरोक्त विषयहरुको सम्बन्धमा थप जानकारी आवश्यक भएको खण्डमा लेखापरीक्षणमान बोर्डको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।


**लेखापरीक्षणमान बोर्ड**
**पाँचौ तल्ला, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको भवन, सातदोबाटो, ललितपुर**
**फोन नं. : ०१५४३९४३७**
**इमेल : secretariat@ausb.gov.np**
**वेभसाइट : www.ausb.gov.np**